नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरबार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email :info.pmep.np@gmail.com
Website: pmep.gov.np

प.सं. २०७६/७७
च. नं. ६६

मितिः– २०७६/०८/०३

श्री स्थानीय तहहरु सबै
(मार्फत श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय)

विषयः– न्यूनतम रोजगारी प्रदान गर्ने प्रयोजनका लागि व्यक्तिको आय सम्बन्धमा।

प्रस्तुत विषयमा न्यूनतम रोजगारी प्रदान गर्ने प्रयोजनका लागि गत वर्षको चैत र यस वर्षको वैशाख महिनामा स्थानीय तहमा सार्वजनिक विकास निर्माणका काममा संलग्न हुन चाहने बेरोजगार व्यक्तिहरुले आफुले स्थायी बसोबास गरेको वडा कार्यालयमा निवेदन दिनु भएको व्यहोरा अवगतै छ। यसरी निवेदन दिएका बेरोजगार व्यक्तिहरुलाई सूचीकरण गर्ने प्रयोजनको लागि स्वरोजगारमा संलग्न व्यक्तिको आयका सम्बन्धमा रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ मा देहाय बमोजिम संशोधन गरी स्पष्ट गरिएको हुँदा यसै बमोजिम बेरोजगार व्यक्ति सूचीकृत गर्नुहुन अनुरोध छ।

देहाय

(क) निवेदन दिदाँको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारीमा संलग्न नभएको ।

(ख) स्वरोजगारमा संलग्न व्यक्तिको हकमा निवेदन दिंदाको मिति सम्म सोही आर्थिक वर्षमा न्यूनतम एकसय दिन रोजगारी बापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय भन्दा कम आय भएको ।

(ग) कम्तीमा अठार वर्ष उमेर पूरा भई उनान्सट्ठी वर्ष उमेर ननाघेको ।

संशोधित नियमावली प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

राज कुमारी खत्री
शाखा अधिकृत